# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक।

**मिति २०८१/०३/०७ गतेको गाउँ कार्यपालिकाको १७ औं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | वार्षिक बजेट तथा कार्यक्रम माथि छलफल र स्वीकृत सम्बन्धमा । | |
| २. | अर्थ विद्येयक २०८१ स्वीकृत सम्बन्धमा । | |
| ३. | विनियोजन विद्येयक २०८१ स्वीकृत सम्बन्धमा । | |
| ४. | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०८१ सम्बन्धमा । | |
| ५. | खेलकूद समितिका कर्मचारीको म्याद थप सम्बन्धमा । | |
| ६. | अनुगमन समिति र प्राविधिक कर्मचारीको अनुगमन भत्ता भुक्तानी सम्बन्धमा । | |
| ७. | आर्थिक सहायता सम्बन्धमा । | |
| ८. | सडक मर्मत सम्भार खर्च भुक्तानी सम्बन्धमा । | |
| ९. | आधारभूत अस्पतालमा विद्युत मर्मत, वायरिङ्ग र जेनेरेटर जडानको भुक्तानी सम्बन्धमा । | |
| १०. | सडक मर्मत सुधार खर्च सम्बन्धमा । | |

**मिति २०८१/०३/०७ गतेको गाउँ कार्यपालिकाको १७ औं बैठकबाट भएका निर्णयहरु:**

१. आगामी आ.व. २०८१/०८२ को लागि बार्षिक बजेट तथा कार्यक्रम माथि व्यापक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०८१/०८२ को लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्नको लागि व्यवस्था गर्न बनेको अर्थ विद्येयक २०८१ स्वीकृत गरी गाउँसभा पेश गर्ने निर्णय गरियो ।

३. भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विद्येयक २०८१ स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. भगवतीमाई गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक २०८१ स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. भगवतीमाई गाउँपालिका खेलकूद विकास समिति कार्यरत भलिबल प्रशिक्षक श्री ईश्वर खड्का र खेलकुद सहजकर्ता श्री बलबहादुर थापा करार अवधि २०८० साल माघ १ देखि लागु हुने गरी २०८१ अषाढ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण खर्च प्रति आयोजना वा कार्यक्रम रु. १५०० दरले अनुगमन तथा सुपरिवेक्षण

समितिका पदाधिकारी, सम्बन्धित फिल्ड प्राविधिक र सम्बन्धित शाखाका कर्मचारीहरुलाई देहाय बमोजिम उपलब्ध गराउने ।

**तपसिलः**

| क्र.सं. | पदाधिकारी/कर्मचारी | वार्षिक अधिकतम |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | २१ पटक |
| २. | ईन्जिनियर | ४२ पटक |
| ३. | योजना शाखामा कार्यरत कर्मचारी | २१ पटक |
| ४. | सब ईन्जिनियर | ४२ पटक |
| ५. | अ.सब ईन्जिनियर | २१ पटक |

७. यस भगवतीमाई गाउँपालिका वडा नं. ३ निवासी मानबहादुर खड्का १० वर्षे सशस्त्र युद्धमा घाइते भई हालसम्म उपचारत रहेको र निजको यस आर्थिक वर्ष २०८०/०८१ मा भएको उपचार खर्च रु. ४५०००। अक्षेरुपी पैतालिस यस कार्यालयबाट भुक्तानी गर्ने निर्णय गरियो ।

८. जुम्लाकाफल पिपलवाडा सडक मर्मत सुधार खर्च रु. ३३०००। यस कार्यालयको मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय गरियो ।

९. भगवतीमाई आधारभूत अस्पतालमा विद्युत मर्मत, वायरिङ्ग र जेनेरेटर जडानको भुक्तानी रु. ९०,७३०। अक्षेरुपी नब्बे हजार सात तिस रुपैयाँ यस कार्यालयको मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय गरियो ।

१०. यस भगवतीमाई गाउँपालिका वडा नं. वाईसेरा सडक मर्मत खर्च रु. १०००००। यस कार्यालयको मर्मत सम्भार कोषबाट खर्च निर्णय गरियो ।

**भिन्न मतको अभिलेख**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| १. | कृष्णबहादुर शाही | वडा अध्यक्ष | | |